नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति

खाद्य स्वच्छता र गुणस्तर बारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको संयोजनमा विगत बाह्र वर्ष देखि हरेक वर्ष खाद्य स्वच्छता दिवस मनाउँदै आइएकोमा हाल कोभिड १९ महामारीको दोश्रो लहरको विषम परिस्थितिमा संक्रमण रोकथामलाई विशेष ध्यानमा राखी तेह्रौ राष्ट्रिय खाद्य स्वच्छता दिवस, २०७८ मनाई रहेको व्यहोरा यहाँहरुलाई जानकारी गराउन चाहन्छौं ।

खाद्य स्वच्छता र गुणस्तरको महत्वलाई आम जनमानसमा पुर्याउन विभागले बाह्र वर्ष अघि देखि शुरु गरेको यो अभियानलाई समर्थन हुने गरी कोडेक्स एलिमेन्टेरियस कमिशन, खाद्य तथा कृषि संगठन (FAO) र विश्व स्वास्थ्य संगठन (WHO) को प्रस्तावमा संयुक्त राष्ट्र संघीय महासभा (UN General Assembly) बाट सन् २०१९ देखि हरेक वर्षको जून महिनाको ७ तारिखलाई विश्व खाद्य स्वच्छता दिवस (World Food Safety Day) को रुपमा मनाउने निर्णय गरिएको छ। यसै सिलसिलामा तेश्रो वर्षको विश्व खाद्य स्वच्छता दिवस २०२१ को नारा "Safe Food Now for a Healthy Tomorrow" तय भएको छ ।

यसै सन्दर्भमा यस विभागले पनि "आजको स्वच्छ भोजन, भोलीको स्वस्थ जीवन" भन्ने नारा सहित तेह्रौं राष्ट्रिय खाद्य स्वच्छता दिवस, २०७८ मनाई रहेको छ । खाद्य स्वच्छताको महत्वलाई सरोकारवाला लगायत आम उपभोक्तासम्म पुर्याउन खाद्य श्रृंखलाका विभिन्न चरणमा खाद्य पदार्थको स्वच्छता र गुणस्तर कायम राख्न विभिन्न क्षेत्रको भूमिकालाई महत्व दिई आ-आफ्नो क्षेत्रबाट उपयुक्त रुपमा सम्बोधन गर्न विभिन्न उपभोक्ता हकहितसँग सम्वन्धित संघसस्थाहरु, खाद्य उद्योगहरु, खाद्य प्रविधि विषय अध्ययन अध्यापन हुने कलेजहरु, खाद्य तथा पोषणसंग सम्वन्धित संघसस्थाहरुका साथै जनचेतनाका संवाहक पत्रकारहरु समेतको सहकार्यमा विगतमा विविध कार्यक्रम सहित खाद्य स्वच्छता दिवस मनाउँदै आइएकोमा हाल कोभिड १९ रोगको महामारीको दोश्रो लहरको रोकथामको लागि नेपाल सरकारले जारी गरेको निषेधाज्ञाको यस विषम परिस्थितिमा विभिन्न कार्यक्रमहरु संचालनमा असहज अवस्था रहेको छ । संक्रामक रोग कोभिड-१९ खाद्य पदार्थको माध्यमबाट संक्रमण भएको वैज्ञानिक तथ्य अहिले सम्म फेला नपरेको हुँदा शारिरीक तथा मानसिक स्वास्थ्य कायम राखी **कोभिड १९ जस्ता रोगसंग लड्न नियमीत रुपमा स्वच्छ र संतुलित आहार**को भूमिका महत्वपूर्ण हुने भएकोले खाद्य पदार्थमा स्वच्छता र गुणस्तर कायम गर्ने विषय अझ बढि आवश्यक भएको छ।

कोभिड-१९ रोगको महामारीको यस विषम परिस्थितिमा विभागले खाद्य स्वच्छता र गुणस्तर नियमन अनुगमनका लागि विभाग तथा मातहतका कार्यालयहरुमा आकस्मिक निरीक्षण टोली मार्फत निषेधाज्ञाको अवस्थामा पनि बिक्रीवितरणमा रहेका खाद्य पदार्थहरु स्वच्छता र गुणस्तर सम्वन्धमा प्राप्त गुनासाहरुको तत्काल सम्बोधन तथा यथाशिघ्र कारवाही गर्ने कार्य, खाद्य पदार्थ आयात पूर्व अनुमति पत्र प्रदान गर्न सूचना प्रविधि मार्फत सेवा दिई सेवाग्राहीलाई कार्यालयसम्म धाउन नपर्ने व्यवस्था, खाद्य पदार्थको नमूना विश्लेषण परीक्षणका लागि प्रयोगशाला सेवा दिने कार्यहरु भएका छन्। यससंगै कोभिड–१९ रोगको महामारीको अवस्थामा खाद्य उत्पादन तथा बिक्रीवितरणमा सहभागी हुने खाद्य व्यवसायी तथा कामदारहरुले अपनाउनु पर्ने सावधानी जारी गरी खाद्य व्यवसायीहरुलाई जानकारी र सुसूचित गर्ने र सोही बमोजिम उद्योग सन्चालनमा सहजीकरण तथा अनुगमनका साथै दुग्ध तथा पानी उद्योगीहरुसंग खाद्य स्वच्छता र गुणस्तर सम्बन्धि अन्तरक्रिया कार्यक्रम समेत सन्चालन भएको छ ।

यस तेश्रो विश्व खाद्य स्वच्छता दिवस, २०२१ तथा तेह्रौ राष्ट्रिय खाद्य स्वच्छता दिवस, २०७८ को अवसरमा खाद्य स्वच्छता तथा पोषण विषयक वेबिनार कार्यक्रम, खाद्य स्वच्छता तथा पोषण सम्वन्धि पोष्टर प्रदर्शन, बिभागका उत्कृष्ट कर्मचारीहरुलाई प्रशंसापत्र वितरण, उत्कृष्ट खाद्य उद्योगहरुलाई प्रमाणपत्र वितरण, राष्ट्रिय दैनिक पत्रिकामा खाद्य स्वच्छता दिवसको अवसरमा शुभकामना सन्देश प्रकाशन, बिभाग परिसर सरसफाई लगायतका कार्यक्रमहरू आयोजना गरिएको छ। खाद्य शृंखलाका सबै सरोकारवालाहरुमा स्वच्छ र गुणस्तरीय खाद्य पदार्थ उत्पादनमा जोड दिई उपभोक्ताको स्वास्थ्य तथा सुविधाको रक्षा गर्न सबैको सकारात्मक सहयोगी भूमिकाको आवश्यकता हुने भएकोले खाद्य पदार्थमा स्वच्छताको महत्वलाई ध्यानमा राखि सम्पूर्ण सरोकारवालाहरुको सहकार्यका लागि आह्वानका साथ "आजको स्वच्छ भोजन, भोलीको स्वस्थ जीवन" भन्ने नारा सहित खाद्य स्वच्छता दिवस मनाईदै छ ।

तेश्रो विश्व खाद्य स्वच्छता दिवस, २०२१ तथा तेह्रौ राष्ट्रिय खाद्य स्वच्छता दिवस, २०७८ को अवसरमा खाद्य स्वच्छता सम्वन्धी जानकारी र यसको महत्व आम उपभोक्ताहरुमा पुर्याउन साथै कोभिड–१९ रोगको महामारीको यस विषम अवस्थामा खाद्य पदार्थ उत्पादन तथा बिक्रीवितरणमा सहभागी हुने खाद्य व्यवसायी तथा कामदारहरुले अपनाउनु पर्ने सावधानी बारेमा सम्बन्धित सरोकारवालाहरुमा पुर्याउन पत्रकार मित्रहरुको महत्वपूर्ण भूमिका रहने भएकोले यहाँहरु सबैको सकृय सहयोग र सहभागीताको अपेक्षा गर्दै सम्पूर्ण पत्रकार मित्रहरु प्रति धन्यवाद ज्ञापन गर्दछु ।

मोहन कृष्ण महर्जन

प्रवक्ता

२०७८/०२/२३